# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियामक निकाय)

**खुमलटार, ललितपुर ।**

## धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा सुधारमा आ.व. २०८०।८१ सम्म बोर्डबाट सम्पादन गरिएका मुख्य कार्य ।

विश्वव्यापीरुपमा Bank based financing भन्दा Capital market मार्फत देशमा आवश्यक हुने पुँजी परिचालन गरिने सर्न्दभमा यस बजारलाई Fair, Transparent and Efficient बनाउनका लागि सरकारी निकायमा नीति बनाउने तथा कार्य गर्ने सोच तथा शैलीमा (Mindset change in government agency) परिर्वतन गर्दै प्रणालीगत विकासमा विशेष जोड दिई बोर्डबाट विकास तथा सुधार कार्यहरु सम्पादन गरिने परिपाटीको शुरुवात गरिएको छ ।

उक्त लक्ष्य प्राप्ति गर्न हालैका दिनहरुमा बोर्डबाट बजारमा प्रतिस्पर्धा एवं सुशासन मार्फत लगानीकर्ताहरुलाई धितोपत्र बजारसम्बन्धी गुणस्तरीय सेवा सहज र सुलभरुपमा उपलब्ध हुने वातावरण बनाउने, समयसीमा(Time Bound) तोकी Meritocracy का आधारमा कार्य गर्ने, लगानीकर्ताका सुझाव एवं आईपरेका समस्या समाधान गर्ने, बजार नियमन र सुपरिवेक्षणलाई सुदृढ गराउने गरी सुधार कार्य गरिदैं आएको छ ।

आ.व. २०८०।८१ को असोज मसान्तसम्म बोर्डबाट सम्पादन गरिएका कार्यहरुलाई देहाय अनुरुप प्रस्तुत गरिएको छः

### क) दीर्घकालीन आर्थिक प्रभाव पार्ने सुधार तथा कार्य

देशको अर्थतन्त्रलाई थप गतिशील बनाउने हेतुले दीर्घकालीन अर्थतन्त्रका सम्पूर्ण चक्रलाई हेरी अर्थतन्त्रको उत्थानमा सघाँउ हुने गरी बोर्डबाट पुँजी बजारक्षेत्रमा देहायका कार्यहरु सम्पादन गरिएको छः

१. **विशिष्टीकृत लगानी कोषको शुरुवात :** नवीनतम ज्ञान, सीप/क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पुँजी परिचालनका लागि PE/VC Ecosystem निर्माण गरी अर्थतन्त्रमा नयाँ धारको सृजना गरिएको छ । यससँग नयाँ सोच र व्यवसायमा पुँजी एवं व्यवसयिक ज्ञान प्राप्त गरी धितोबिना New Ideas and SMEs हरुका लागि पुँजी प्राप्त हुने वातावरण सृजना भई समुन्नतिको दायरा बढने अवस्था आएको छ ।

२. **एसएमईज प्ल्याटफर्मका लागि नियमावली:** साना तथा मझौला व्यवसायहरुलाई अर्थतन्त्रको मूलधारमा ल्याई अर्थतन्त्रलाई थप गतिशील बनाउने हेतुले उक्त क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा ल्याउन तथा धितोपत्र बजार सूचकांकमा हुने उतारचढावमा न्यूनीकरण गर्न एसएमईज प्ल्याटफर्म(SMEs Platform) संचालनका नियमावली तयार गरिएको छ । यसबाट एसएमईहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई नेपालको अर्थतन्त्रलाई बलियो गर्ने कार्यमा सघाँउ पुग्नुका साथै अर्थतन्त्रको दिगो आर्थिक विकासको लक्ष्यलाई समेत सहयोग पुग्दछ ।

३. **वैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई IPO मा १० प्रतिशत आरक्षण व्यवस्था:** वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक निष्काशनमा १० प्रतिशत सेयर आरक्षण व्यवस्था गरिएको छ । जसबाट देशको शोधनान्तर स्थिति सबल बनाउँदै विदेशबाट Remittance औपचारिक माध्यमबाट भित्रयाउनलाई प्रोत्साहन तथा सहयोग भई समग्र अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ ।

४. **वस्तु विनिमय बजार अनुमितका लागि प्रकृया अगाडि बढेको:** देशमा लगानीकर्ता मैत्री, प्रतिस्पर्धात्मक एवं अन्तार्राष्ट्रियस्तरको प्रविधि र क्षमतायुक्त वस्तु विनिमय बजार सञ्चालन अनुमति प्रकृया अन्तिम चरणमा रहेको छ ।

५. **नयाँ स्टक एक्सचेञ्जका लागि प्रकृया:** धितोपत्र बजारलाई थप प्रतिस्पर्धी, प्रभावकारी, लगानीकर्ता मैत्री एवं अन्तर्राष्ट्रियस्तरको प्रविधिसहितको क्षमतायुक्त बनाई यसको सेवालाई विश्वसनीय तथा गुणस्तरीय, प्रतिष्पर्धी हुने गरी विकास र विस्तार गरी

धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न नेपालको पुँजी बजारमा दोस्रो स्टक एक्सचेञ्ज प्रवेश गराई उक्त बजारलाई प्रतिस्पर्धी बनाउने उद्देश्यका नयाँ स्टक एक्सचेञ्ज स्थापनाका लागि आवेदन माग गरिएको । उक्त धितोपत्र बजार अनुमति प्रकृयालाई पारदर्शी बनाउनका लागि धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था संस्थापना गर्न बोर्डबाट सिफरिश प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ बनाई पहिलोपटक लागू गरिएको छ ।

६. **सूचीकृत कम्पनीमा क्षेत्रगत विविधीकरण:** नेपालको धितोपत्र बजारमा लामो समयसम्म बैंक तथा वित्तीय क्षेत्रका कम्पनीहरुको बाहुल्यता रही अधिकांश कम्पनी उक्त क्षेत्रका मात्र सूचीकरण भैरहेको सन्दर्भमा हालैका दिनहरुमा अन्य क्षेत्रका कम्पनीहरुलाई पुँजी परिचालनका लागि सहजीकरण गरी सुचीकृत कम्पनीमा विविधीकरण ल्याईएको छ ।

## ख) समयसीमा तोकी गरिएका सुधार कार्यहरु

बोर्डबाट निकायमा कार्य गर्ने सोच तथा शैलीमा परिर्वतन गर्दै समयसीमा तोकी उत्कृष्टताको आधारमा विकास तथा सुधार कार्य गर्ने क्रममा देहायका कार्यहरु सम्पादन गरिएको छ:

७. **Open Entry and Exit मार्फत धितोपत्र दलाल व्यवसायलाई अनुमति:** बोर्डबाट तोकिएको मापदण्ड पुर्‍याएका संस्था तथा कम्पनीलाई Open Entry and Exit मार्फत समय सीमा तोकी Merit base मा पारदर्शीरुमा अनुमतिपत्र प्रदान गरिएको छ । जसबाट धितोपत्र दलाल सेवामा प्रतिस्पर्धी तथा पारदर्शी हुने, सेवाको स्तर बृद्धि भई लागत घटाउने प्रणालीको सृजना हुने, धितोपत्र बजारमा नयाँ सोच भएका सक्षम युवाहरुलाई अवसर सृजना भई रोजगारीको दायरामा बृद्धि हुने र धितोपत्र कारोबारमा बृद्धि भइ सरकारी राजस्व बृद्धिमा सघाँउ पुग्ने देखिन्छ ।

८. **बुक बिल्डिंग प्रणाली मार्फत अनुमति प्रदान:** धितोपत्रको मूल्य निर्धारण पारदर्शी तथा प्रतिस्पर्धात्मक रुपमा गरी वास्तविक क्षेत्रका कम्पनीको बजार प्रवेश प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि प्रारम्भिक सार्वजनिक निष्काशनमा लागू गर्न बोर्डले बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजि एक कम्पनीलाई निष्काशन अनुमति प्रदान गरिएको छ ।

९. **मर्जर तथा एक्विजिशनमा छरितो :** मर्जर तथा एक्विजिशन जाने कम्पनीलाई ३ दिनमा नै स्वीकृति प्रदान गर्ने एवं कम्पनीको सेयर बढीमा १५ दिनसम्म मात्र रोक्का हुने व्यवस्था गरिएको छ । यस अघि त्यस्ता कम्पनीको सेयर कारोबार वर्षौ सम्म रोक्का हुने अवस्थाको अन्त्य गरिएको छ ।

१०. **धितोपत्र दलाल व्यवसायीको शाखा विस्तारमा चुस्तता:** धितोपत्र बजार सेवालाई देशव्यापी बनाउने क्रममा धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न बोर्डमा निवेदन पेश गरेको पन्ध्र दिनभित्र स्वीकृति दिने व्यवस्था गरिएको छ ।

## ग) लगानीकर्ता हित संरक्षणमा जोड दिई सम्पादित कार्य

११. बोर्डबाट लगानीकर्ताहरुको हक हित संरक्षणका लाीग कानुन प्रबलीकरणलाई सुदृढ गर्ने क्रममा छोटो समयमा नै १६ भन्दा बढी कारवाही गरिएको छ । उक्त क्रममा धितोपत्र सम्बन्धी कसूरहरुमा कारबाही, धितोपत्रको भित्री कारोबारको अनुसन्धान, धितोपत्र व्यवसायीहरुलाई कारवाही गरिएको छ ।

| क्र.स. | विवरण | मिति २०७८।११।५ सम्म | मिति २०७८।११।६ देखि २०८० असोज २९ सम्म |
|---|---|---|---|
| १ | धितोपत्र दलाल व्यवसायी | ४ | ७ |
| २ | मर्चेन्ट बैंकर | - | २ |
| ३ | साख मूल्यांकन संस्था | - | १ |
| ४ | भित्री कारोबार सम्बन्धी कसूर | - | १ |
| ५ | जालसाजीयुक्त कारोबार सम्बन्धी कसूर | - | १ |
| ६ | सामूहिक लगानी योजना व्यवस्थापक | ४ | - |
| ७ | सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर | - | ४ |
| ८ | सुचीकृत संगठित संस्थाका संचालक | १ | - |

| | | | |
|---|---|---|---|
| ९ | सेयरको नक्कली प्रमाणपत्र सम्बन्धी कारवाही | १ | - |
| १० | सूचीकृत संगठित संस्था | - | - |
| | जम्मा | १० | १६ |

१२. **आस्वा शुल्कमा कटौती :** लगानीकर्ताको हकहितलाई ध्यान दिदैं बैंक वा वित्तीय संस्थाले धितोपत्र खरिद सम्बन्धी सुविधा उपलब्ध गराए बढीमा रु. पाँच सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ जसबाट IPO मा लगानी गर्ने लगानीकर्ताहरुको लागत कमी हुन भई बजारमा लगानी गर्न प्रोत्साहन हुने अवस्था भएको छ ।

## घ) बजार विकास तथा सुधारका अन्य कार्यहरु

बोर्डबाट लगानीकर्ताको हित संरक्षण तथा धितोपत्र बजार नियमन तथा सुपरिवेक्षण गर्ने क्रममा हालसाल भए गरिएका बजार विकास तथा सुधारसम्बन्धी कार्यहरुलाई देहाय अनुरुप प्रस्तुत गरिएको छः

१३. **Dedicated TMS का लागि व्यवस्थाः** लगानीकर्ताहरुले विकसित बजार उपलब्ध भएका विशेषता तथा सुविधा सहितको सेवा प्रदान गर्न सक्ने गरी नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणाली (TMS ) स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ जसबाट धितोपत्र कारोबार प्रतिस्पर्धी, स्वच्छ र पारदर्शी बनाउन सहयोग पुग्नेछ ।

१४. **धितोपत्र बजारमा गैर आवासीय नेपाली भित्र्याउन आवश्यक व्यवस्था :** पुँजी बजारमा लगानीकर्ताको संख्यामा वृद्धि तथा प्रतिस्पर्धात्मक वातावरणको विकास गर्न एवं गैर आवासीय नेपाली नागरिकहरुको ज्ञान, सीप, पुँजी, प्रविधि र सञ्जाललाई मुलुकको विकास र समृद्धिसँग जोड्ने गरी गैर आवासीय नेपाली नागरिकहरुलाई पुँजी बजारमा सहज प्रवेशका लागि आवश्यक कानुनी तथा संस्थागत पूर्वाधार तयार भैरहेको छ ।

१५. **जलविद्युत समूहको कम्पनीहरुका लागि विशेष व्यवस्था :** जलविद्युत समूहका कम्पनीहरुका लागि देहाय अनुरुपको व्यवस्थाहरु लागू गरिने छः

- जलविद्युत कम्पनीले भौतिक पूर्वाधारको कम्तिमा ६५ प्रतिशत कार्य सम्पन्न भएको प्रमाणित विवरण पेश गरे पश्चात मात्र बोर्डबाट अन्तिम स्वीकृति प्रदान गर्ने,
- जलविद्युत कम्पनीका संस्थापकहरुले लकइन अवधि पश्चात शेयर बिक्री गर्नका लागि कम्पनीले अनिवार्यरुपमा विद्युतको व्यापारिक उत्पादन(Commercial Operation) गरेको हुनुपर्ने,
- जलविद्युत कम्पनीले हकप्रदन निष्काशन गर्न कम्पनीको नेटवर्थ चुक्ता पूँजी भन्दा कम नरहेको हुनुपर्ने, आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन (Commercial Operation) भईसकेको हुनुपर्ने

१६. **एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआई) सम्बन्धी व्यवस्थाः** केन्द्रीय निक्षेप सेवा, राफसाफ तथा फर्छ्यौट सेवा, सि-आस्बा सेवा लगायतका विभिन्न सेवाहरूसँग सम्बन्धित उक्त लि. मा रहेका विभिन्न तथ्याङ्कलाई अत्याधुनिक प्रविधिमा आधारित एपिआई पूर्वाधारको विकास गरी सम्बन्धित सरोकारवाला निकाय वा संस्थालाई सो निकाय वा संस्थाले प्रदान गर्ने सेवाका आधारमा सोही सेवा सँग सम्बन्धित तथ्याङ्कमा पहुँच हुने व्यवस्था गरिएको छ ।

१७. **वित्तीय साक्षरता अभिवृद्धिमा जोडः** धितोपत्र बजारमा लगानीकर्ताहरुको बढदो प्रवेशलाई दृष्टिगत गरी वित्तीय साक्षरता अभिवृद्धिमा जोड दिईएको छ । सो क्रममा यही मिति २०८० असोज १५ देखि २१ गते सम्म विश्व लगानीकर्ता सप्ताह २०२३ को अवसरमा देशव्यापीरुपमा लगानीकर्ता शिक्षा तथा सचेतना सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

## ङ) बजार सुधार तथा विकासका भावी योजनाहरु

### संस्थागत सुशासन अभिवृद्धिका लागि भावी कार्य

१८. **धितोपत्र व्यवसायीका कर्मचारीलाई Certification program संचालन गर्न नीतिगत निर्णयः** बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र बजार संचालक तथा सेवा प्रदायक संस्थामा कार्यरत जनशक्तिलाई बोर्डद्वारा क्षमता तथा व्यवसायकिता विकासका लागि हाललाई शुरुवाती कार्यक्रम(Pilot Programme) का लागि धितोपत्र दलाल व्यवसायीमा कार्यरत जनशक्तिलाई प्रमाणिकरण कार्यक्रम संचालनमा ल्याउने नीतिगत निर्णय भएको छ। उक्त कार्यक्रम निकट भविष्यमा शुरुवात गरिदैं छ।

१९. **स्वतन्त्र संचालक सम्बन्धी विशेष व्यवस्था :** सूचीकृत कम्पनीहरुको संस्थागत सुशासनको अवस्थालाई थप सुदृढ बनाउन प्रचलित कानुनको व्यवस्थासँग सामञ्जस्यता कायम गरी स्वतन्त्र सञ्चालकको भूमिकालाई सशक्त र प्रभावकारी बनाउन बोर्डबाट स्वतन्त्र सञ्चालकको योग्यतासहितको रोस्टर तयार गर्ने साथै स्वतन्त्र सञ्चालकबाट पालना गर्नुपर्ने व्यवस्था र प्रवाह गर्नुपर्ने विवरण लगायत आवश्यक कुराहरु तोक्ने व्यवस्था गर्न लागिएको।

२०. **सूचीकृत कम्पनीहरुका लागि रिपोटिंग ढाँचाः** सूचीकृत कम्पनीहरुको वित्तीय विवरण तयार गरी बोर्डमा पेश गर्ने ढाँचा ICAN सँगको सहकार्यमा विकास गरिएकोमा सो लागू गर्ने चरणमा रहेको।

***